# Living the Lotus




*Buddhism in Everyday Life*

***Founder's Reflections***

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ । रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।


Living the Lotus
Vol. 197 (February 2022)

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु
टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४
फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: केन्सुके ओसादा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी


## मन्त्रशक्ती प्राप्त गर्ने

यो बर्ष पनि जाडो महिनाको ध्यान सुरु भयो। अध्यारो बाकी हुने बिहान दौडिएर दोजो गएर पेटभित्रदेखी आवाज निकालेर जोडसित सुत्र पाठ गर्दा भित्रैदेखी नै शक्ती आउने गर्दछ।


हामीले पढ्ने सद्धर्म पुण्डरिकको हरेक श्लोकमा बुद्धको कामना भरिएको हुन्छ। र अहिलेसम्म अनगिन्ती मानिसले मन्त्र पढेर अहिलेको यो सुत्र बनेको हो। एस्ता बुद्धका कामनाहरु एक भएर मानिसहरुको भक्ती एक हुँदा सद्धर्म पुण्डरिकको मन्त्रको शक्ती प्राप्त हुने गर्दछ।

बुद्धको संरक्षण भनेको हामीलाई जादु गरेर हाम्रो कामनालाई पुरा गर्ने कुरा होईन। हामीहरुलाई जस्तो सुकै अप्ठेरोमा पर्दा पनि बुद्ध हामीसँग भएर "म तिमीहरुलाई रक्षा गर्छु, सबै कुरा ठीक हुनेछ" "तिमीमा पक्कै यो दुखबाट अघी बढ्ने शक्ती छ" भनेर हामीलाई हौसला दिएर हामीलाई शक्ती दिने गर्दछन। त्यो नै बुद्धको संरक्षण हो।

हामीले बुद्धको एस्तो संरक्षणमा बिश्वास गरेर आफ्नो सर्बशक्ती खर्च गर्नु महत्वपुर्ण हुन्छ।

संस्थापकको निबन्ध १० २१२-२१३बाट

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकुयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।



# पैसा संचय गर्ने
# पैसा प्रयोग गर्ने: दान- २

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## दान भनेको दयालु मनको प्रतिबिंब

निर्वाण पुजा (फेब्रुअरी १५ गते) आउँदैछ र शाक्यमुनिले सिकाएका नैतिक कुरा बुझेर धेरै जनाले अझै धेरै उपदेश लिदै जाने छन भन्ने छ। एस्ता कुराहरुबाट फेरी बुद्धधर्मको कुरा गर्ने हो भने चेलाहरुअघी आफ्नो निधन हुनेछ भनेर शाक्यमुनिले भनेका कुराहरु मनमा आउने गर्दछन। "धेरै मानिसकोनिम्ती काम लाग्न र अरुको खुशीकोनिम्ती र अरुको करुणाकोनिम्ति" भन्ने उपदेशलाई अभ्यास गर्नु भन्ने उपदेश चेलाहरुलाई दिएर शाक्यमुनिले अरुको खुशीको कामना गरेका हुन।

यो उपदेशमा लागेपछी उपदेशको बाटो भनेको खाली अरुको भलोकोनिम्ती बाच्ने शाक्यमुनिको जस्तो दानको अभ्यास गर्नु बाहेक अरु केहि छैन। शाक्यमुनिले दानबाट नै दयाको गहिराइमा पुगेका हुन। एस्तो कुरा फेरी दयालाई समाजमा प्रयोग गरु भन्दा दान (धर्म, धन र तन) भन्ने कुराबाट वास्तबिक रुप लिन्छ। दान भनेको नै दयाको अभ्यास बाहेक केहि हुन सक्दैन।

तर हाम्रो समाजमा दान भनेको मठ मन्दिर र धर्मिक सामाजिक संस्थामा चन्दा दिने कुरा हो भन्ने सोच प्रबल छ र एस्ता दानहरुको बारेमा केहि गलत सोचाइ छ तर साचो अर्थ अलि फरक छन जस्तो लाग्छ।

## धन संचय पनि बुद्ध कर्म हो ?

बुद्धधर्मको अर्थमा धनको बारेमा बुद्धधर्मका ज्ञाता नाकामुरा गेन गुरुले "सर्बसाधारण बुद्ध धर्मालुले त सकृय भएर धन कमाउने कुरामा ध्यान दिनु भनेर भनिएको छ" भनेर भनेका छन। धनलाई परित्याग गर्नु पर्ने हो कि भनेर सोचिन्छ तर बुद्धधर्ममा पनि नाफा लिन खोज्नु या धन आर्जन गर्नु भनेको गर्न नहुने कुरा होईन कि बरु बाच्न चाहिने र सकृय भएर बाच्न चहिने कुरा हुन भन्ने मुल्यांकन गरिएको छ। त्यो किन भने "संचय गरिएको धन अरुको सुखको निम्ती बाढ्न सकिन्छ" भनेर हो।

पैसा भनेको प्रयोग गर्ने मानिसको मनले गर्दा तेस्ले बचाउछ पनि अनि मार्छ  पनि भनिन्छ र तेसैले खराब बाटोमा प्रयोग हुन सक्ने हुनाले कसरी प्रयोग गर्ने भन्ने महत्वपुर्ण हुन्छ । बुद्धधर्ममा “पैसा आर्जन गरी धेरैकोनिम्ती धन्य हुने मानिस” लाई स्याबसी दिइन्छ र बस्तुको लगावलाई छोडेर आफ्ना सामानहरु बाड्ने कुरा महत्वपुर्ण हुन्छ भनेर जोड दिइएको हुन्छ । जती सुकै धन संपती जोडे पनि त्यो संपती “आफुले मात्र प्रयोग गरे संपती नास सरह हो र त्यो संपतिलाई दान दिएर प्रयोग गरेमा त्यो संपतिले जिवन पाउछ र त्यो नै साचो अर्थमा दान” हो भनेर नाकामुरा गुरुले भनेका छन ।

अर्थशास्त्रलाई जापानि भाषामा केइजाइ भनिन्छ र यो पुरानो चिनिया शब्द हो र एसको वास्तबिक अर्थ भनेको “समाज मार्फत अरुलाई बचाउनु” भन्ने अर्थ लाग्छ र तेसैले अर्थशास्त्रको मुल कुरा भनेको नै संचय गर्ने मानिसबाट नभएको मानिसलाई दिने कुरा हो । र संचय गरिएको धनलाई कानुन अनुसार चलाउन मिल्छ भन्ने कुरा त भन्नै पर्दैन ।

अहिले मौसम परिवर्तन, जोखिम पर्यावरण, खाद्य सन्कट, धनी र गरीबको खाडल जस्ता जिवनलाई चुनौती दिने समस्याहरु धेरै छन र हामीले आफ्नो जिवनयापन गर्ने तरिका परिवर्तन गर्ने बेला भएको छ ।

एक प्रसिद्ध अर्थशास्तृले “अरुको भलाई गर्ने” भन्ने कुरा नै अबको संसारको सन्तुलन र हाम्रो भबिष्यको साचो हो भनेर भनेका छन । मानिसको मनमा अरुसँग बाडेर खाने भन्ने सोचाइ राख्न जरुरी छ र एस्तो कुरा देश या बिजिनेस सबैले मिलेर गरे मात्र उज्जल भबिष्य बनाउन सकिन्छ भन्ने हो । एस्तो सोचाइ मलाई “सबै कुरा मुलरुपमा एकै हो भन्ने कुरालाई फेरी समझाएर दान गरेर बाड्ने मन बनाउनु” भनेर बुद्धले प्रेरित गरेको जस्तो पनि लाग्छ ।

यो अर्थमा दान भनेको एक महत्वपुर्ण भक्ती हो भन्न सकिन्छ । बुद्धधर्मको उपदेश फैलाउने धर्म दान त भन्नै परेन दुख पाएका मान्छेको मनलाई बुझेर शान्ति दिन सक्ने गरी तन र मनले दयालाई अभ्यास गर्नु पनि बोधिसत्वको आधारभुत कुरा हो ।

तर धन दानको बारामे चाही हामीले दिने मन्दिर या संस्थाले तेस्लाई के गरी प्रयोग गर्छ त यो राम्रोसँग बुझ्न जरुरी हुन्छ । साचोरुपमा प्रयोग गरेर आफु र अरु दुबै धन्य हुने धन के हो त ?

तपाईंहरुलाई के लाग्छ त ?

From *Kosei*, February 2021.

# मेरो जिन्दगी बदल्ने तीन भेटहरु

अन्तराष्ट्य प्रचार बिभाग स्टाफ
हगिवारा योंसुके

यो प्रवचन २०२२ जनवरी ६मा ट्रान्स एट्लान्टिक संघ (उत्तर र दक्षिण अमेरिका युरोपेली संयुक्त अनलाइन कार्यक्रम)" मा गरिएको हो ।

सबैजनामा शुभ प्रभात र नयाँबर्षको शुभकामना । म अन्तराष्ट्य प्रचार बिभागमा काम गर्ने हागिवरा योंसुएके हु । म २०१९ डिसेम्बर देखी यो बिभागमा छु र पोहोरसालको नोवेम्बरसम्म म उत्तरदक्षिण अमेरिका र युरोपको काम गर्थे । अहिले म मोडोलिआ र साहरिन क्षेत्र हेर्ने गर्दछु । यहाँ काम गर्नुअघी म गाकुरिन बिद्यालयमा पढ्ने गर्थे । पोहोरसालको तालिमपछी आज फेरी एस्तो तालिम लिने मौका पाएकोमा निकै आभरी छु ।

संस्थापकले पहिला "सद्धर्म पुण्डरिक भनेको भेट हो र भेट भनेको एक महत्वपुर्ण उपदेश" हो भनेर भन्नु भएको थियो । हामिहरु धैरै प्रकारको चिज , अबुभव र मान्छेका बिचमा बाच्ने गर्छौं । बुद्धधर्ममा एस्ता सर्बचिजहरुलाई "भेट" या "कर्म" भनेर भनिन्छ । संस्थापकले यो उपदेशलाई नै " कर्म र भेट" लाई महत्व दिनु पर्दछ भन्नु भएको जस्तो लाग्छ । यहाँ मलाई आज मेरो बारेमा प्रवचन गर्न दिइएको छ र म यहाँ आज मेरो जिवनको तीन ठुला "भेट" हरु र तेस्बाट पाएको पुण्यको बारेमा भन्ने छु । र अन्तमा मैले यि भेटबाट सिकेका पाठहरुको बारेमा पनि भन्नेछु । मेरो जिवनमा अनुभव अझै तेती छैन तर पनि मलाई यहाँ यसरी प्रवचन गर्न दिनु भएकोमा धैरै धन्यवाद दिन चाहन्छु ।

मेरो पहिलो भेट थियो "मानसिक रोग" सँग । म आस्था मान्ने परिवारमा जन्मेको हु । मेरो बुवा पनि कोसेइ काइका कर्मचारी हुनुहुन्छ र वहाँ अहिले टोक्योको नेरिमा मन्दिरमा कार्यरत हुनुहुन्छ । ८ बर्षअघी वहाँ एही बिभागको प्रमुख हुनुहुन्थ्यो तेसैले धेरैले वहाँलाई साएद चिन्नु हुन्छ होला । आमा अहिले साइतामाको उरावा मन्दिरको शाखा प्रमुख हुनुहुन्छ र मेरो हजुरआमा पनि मन्दिरमा महत्वपुर्ण काम गर्ने गर्नुहुन्थ्यो । तर म आफु भने युनिभर्सिटी जाउन्जेलसम्म आस्थाप्रती कत्ती पनि रुची थिएन । जापानका मानिसहरु नयाँ धर्मप्रती नकारत्मक दृष्टी राख्ने गर्छन र तेसैले आफु आस्था मान्ने भन्ने अरुलाई भनेमा लाज हुन्छ जस्तो लाग्थ्यो । र तेसैले भन्नु पनि नपर्ला म मन्दिर तेती जाने गर्दिनथे ।

मैले पहिलोपल्ट कोसेइ काइको कार्यक्रममा भाग लिएको भनेको म युनिभर्सिटीमा हुँदा इटालिको रोमको व्याटिकनको संचार बिभागमा अस्थाइ काम गर्दाखेरी हो । त्यहाँ कोसेइ पत्रीकाको शाखा थियो र मियाहाँरुजी प्रमुख हुनुहुन्थ्यो र वहाँ अहिले पनि प्रमुख हुनुहुन्छ । खास म युनिभर्सिटीको दोस्रोबर्ष हुँदा रोम घुम्न जादा वहाँलाई भेटेको थिए र वहाँले "तिमी व्याटिकनमा आएर काम गर्ने हो ?' भनेर भन्नु भएको थियो । मलाई इटलिअन भाषा र पत्रीकाको काम दुबैको बारेमा ज्ञान नभएकोले के गर्ने हो भनेर चिन्ता लागेको थियो र मैले कोसेइ काइ रोम सेन्टरका प्रमुख मिजुमो कात्सुतोसिसँग सल्लाह गरे र वहाँले "जाने पनि नजाने पनि गर्न मन छ कि छैन त्यो मात्र सोचेर निर्णय गर्नु" भनेर भन्नुभयो र मैले यो चुनौतिलाई स्विकार गर्ने निर्णय गरे ।

तर जब म अस्थाइ कामको तयारी गर्दै थिए मलाई Obsessive Compulsive Disorder भन्ने मानसिक रोग लाग्यो । मलाई युनिभर्सिटी मन नपरेर होला तनाब बढेको थियो र थाहा नपाई मानसिक रोग लागेको थियो । रोगले गर्दा मैले धैरै हात सफा गर्ने जे चिज पनि हजार पल्ट चेक गर्ने मनमा उतरचडाव आउने गर्थ्यो । कसैले मलाई जासुसी गरेको हो कि जस्तो लग्थ्यो र "मैले जे गरे पनि केहि नराम्रो हुने हो कि" भन्ने भ्रम र डरले ग्रस्त थिए ।

अस्थाइ काम भिसाको कारणले गर्द दुइ चरणमा गरेको थिए । पहिलोपल्ट रोगबाट ग्रसित हुँदै गरेको थिए । सधै बेलुका मिजुमो सेन्टर प्रमुख र वहाँकी पत्निसँग कुरा गरेरे मात्र मेरो डर भागने गर्दथ्यो । डर फेरी आउने मन अशान्त हुने फेरी जाने अनि फेरी डर लाग्ने क्रम हुन्थ्यो । तैपनी मिजुमो र वहाँकी पत्निले मेरो कुरा सुनी दिनुहुन्थ्यो । वहाँहरु दुइको दया पाएको थिए तर मैले आफ्नो कुरा मात्र सोच्न सक्ने थिए ।

पहिलो चरणको काम सक्किएपछी जापानमा फर्के र तेसपछी मन अलि शान्त भएको थियो । तर मेरो बहिनी स्कुल जान छोडेको भन्ने थाहा पाए । एक बेलुका मेरी बहिनी आफ्नो कोठामा रोइरहेको देख र "यो मैले गर्दा हो । मैले



अनलाईन प्रवचन गर्दै हागिवाराजि

खाली आफ्नो कुरा मात्र सोचेकोले बहिनिले आफ्नो मानसिक शक्ती गुमाएकी हो" भन्ने लागेर कहिले पनि नलागेको ग्लानिको अनुभव गरे। त्योबेला "म मेरो बहिनिकोनिम्ती भए पनि बलियो भएर जिउनु पर्छ" भन्ने सोच आयो। र दोस्रो चरणको काम मैले बहिनिकोनिम्ती भनेर अझै मेहेनत गर्छु भन्ने निर्णय गरे।

"बहिनिको लागि" भनेर काम गर्दै जादा अचम्मसित बिस्तार रोग कम हुँदै गयो। तेसपछी "अरुकोनिम्ती बाच्ने हो भने आफ्नो दुख पनि समाप्त हुने होकी ?" भन्ने सोच आउन थाल्यो। तेहिबेलामा इटालिमा कामले आउनु भएको गाकुरिन बिद्यालयका प्रधानअध्यापक नोरिहिरो निवानोजिसँग भेट्ने मौका पाए। भेट्नु ३ घण्टाअघी अचानक मिजुमोजिबाट फोन आयो। " योंसुकी आज तिमीलाई मियहाँरुजी गएपछी यहाँको शाख प्रमुखको उत्तराधिकारी बन्ने हो भनेर गाकुरिनको प्रमुखले सोध्नु हुन्छ होला है" भनेर भन्नु भयो। "अनी उत्तराधिकारी भएपछी जापानबाट टाढा भएर मरुनजेल इटालिमा काम गर्ने सोचेर काम गर्नु पर्छ है, मेहेनत गर्नु" भन्ने कुरा भन्नुभयो।

"अबको ३ घण्टामा मेरो जिन्दगीको निर्णय नगरि नहुने भो" भन्ने लाग्यो। तर भेट गर्नुअघी "आफुलाई गर्नु मन लाग्ने भन्दा पनि अरुकोनिम्ती केहि गर्न सक्नु महत्वपुर्ण हुन्छ होईन र त्यो नै खुशी भएर जिवन बिताउने कुरा हुन जान्छ" भन्ने सोचाइ आयो। र मैले गाकुरिन प्रमुखलाई "अरुकोनिम्ती गर्ने काम भए मलाई सुम्पिनुस" भनेर भने। प्रमुखले मेरो कुरा बुझ्नुभयो। तेसपछी म गाकुरिनमा भर्ना भए र एसो गरेर म गाकुरिनमा पढेर नै गम्भिर भएर आस्थाको बाटोमा लागेको हु।

मैले मानसिक रोग नामको भेटले गर्दा अरुकोनिम्ती बाच्ने भनेए महत्वपुर्ण कुरा सिके र आस्था र संघको उत्कृष्टतालाई बुझ्न सके। रोग लागेर दुख पाएको पनि अहिले यो बुद्धले दिएको उपाय हो भनेर सोच्न सक्छु। बुद्धले "योंसुके तिमी खाली आफ्नो कुरा मात्र होईन कि आफ्ना नजिकका मानिसलाई पनि ध्यान दिन सक्ने बन" भनेर मलाई बुझाउन खोजेको हो कि जस्तो लाग्छ। रोगको अबुभवले नै "बोधिसत्वको जिवन यापन" बुझ्न सके र आस्थाको महत्व थाहा पाउन सके जस्तो लाग्छ।

दोस्रो भेट हो "नैरश्यता" सँग। मैले अगिन भनेका कुरले गर्दा म फेरी गकुरिन बिद्यालयमा भर्ना भए। मियाहाराजिपछी व्याटिगनको शाख प्रमुख बन्न भनेर मैले क्याथोलिक धर्म पढन जरुरी थियो। तेसैले मैले सद्धर्म पुण्डरिक पढेपछी कर्मचारीको रुपमा इटालिमा गएर पढ्ने निधो गरे।

गाकुरिनमा मैले धेरै राम्रा कुराहरु सिके। पुण्डरिक सुत्र या संस्थापकको उपदेश मात्र होईन कि अभ्यासबाट पनि धेरै सिके। तर मेरो मनभित्र भने "म इटाली जान मात्र यहाँ आएको" भन्ने कुरा प्रगडरुपमा थियो। तेसैले त्यो कार्य पुरा गर्न सर्बशक्ती खर्च गरे। अहिले फर्केर हेर्दा अरुकोनिम्ती काम गर्छु भनेर बिदेश जाने सपना त आफ्नो स्वार्थमा परिवर्तन भएको रहेछ भन्ने लाग्छ।

तर जब म गाकुरिनमा पास भए मलाई इटाली पढ्न होईन कि "अन्तराष्ट्रय प्रचार बिभाग" मा खटइयो। साचो भन्ने हो भने मैले ३ बर्ष बिद्यालयमा के गरेको होला जस्तो लाग्यो। मलाई त्यो निर्णय मान्य भएन र म अर्कै तरिकाबाट इटाली जान्छु भनेर सोच्न थाले।

मलाई खटाइएको निर्णय भएको भोलिपल्ट नोवेम्बर १५ थियो र त्यो संस्थापकको जन्मजयन्ती थियो र म तेसकोलागी भनेर मुख्य मन्दिर टोक्यो गएको थिए। मलाई निवानो बिद्यालय प्रमुखले ईमेल गर्नु भएको रहेछ। "मैले केहि गर्न सकिन तिम्रो लागि। तर भेटलाई समाप्त गर्ने कि नगर्ने भन्ने आफुमा भर पर्छ तेसैले अब पनि हामिसँग मिलेर भक्ती गर्दै जाऔं" भनेर लेखिएको रहेछ।

तेसपछी जन्मजयन्ती कार्यक्रम सुरुभयो। कामले धेरै बिजी थिए तर त्यो बेलाका सचिब कावबाताजिको प्रवचन सुन्ने मौका पाए। प्रवचनमा वहाँले संस्थापकद्वारा अनित्म समयमा पाएको उपदेशको बारेमा सुनाउनु भएको थियो।

"दिइएको काम गर्ने कि नगर्ने सकिने हो कि नसकिने हो भनेको खासमा ठुलो कुरा होईन। सबैकुरा मलाई बुद्धले दिएको आदेश हो भनेर कामलाई गम्भिर भएर मेहेनत गरेर गर्ने मात्र हो। तेस्तो कुरा मात्रै सोचेमा हुन्छ। तेस्तो कुरा सोच्न सक्ने मान्छेलाई नै बुद्धले पर्खिरहेका हुन्छन। र फेरिपछी पनि यो काम गर्नु भनेर बुद्धले तयारी गरी दिन्छन तेसैले आफुले पाएको कामलाई गम्भिर भएर गर्नु पर्छ"

त्यो कुरा सुनेपछी मलाई कस्तो भयो थाहा छैन तर मैले आफैले संस्थापकसँग कुरा गरेको जस्तो भान भएको थियो र आखाबाट आसु रोकिएन। कार्यक्रम सक्किएपछी मैले सचिब र वहाँको पिएलाई भेटे। पले "वहाँ हागिवरा हुन र उनि अब अन्तराष्ट्रय बिभागमा काम गर्ने छन" भनेर सचिबलाई मेरो परिचय दिनुभयो। "ए हो ल राम्रोसँग काम गर्नु है" भनेर भन्नुभयो।

यहाँ काम गरेको अहिले २ बर्ष बयो। कोरोना माहामारिको बिचमा पनि धेरै संघका साथिहरुसँग भेटेर काम गरिरहेको छु। इटालिमा पढ्न जाने कुरा पुरा हुन नसक्दा धेरै निरास भएको थिए तर अहिले अन्तराष्टिय प्रचार बिभागमा काम गर्न पाउदा धेरै नै खुशी छु। बिदेशमा आस्था गरिरहेका संघका सदस्यहरुको केहि काम गर्न पाउदा खुशी लाग्छ। "बिदेशमा पढे मात्र आफ्नो सपना साकार हुन्छ" भन्ने सोचाइ थियो तर अहिले नयाँ भेटले गर्दा आफु जस्तै भएर राम्रो जिवन यापन गर्न पाएको छु जस्तो लाग्छ।

केहिदिनअघी मैले एक नातेदारलाई भेट्दा कोसेइ काइको कुराहरु गरे। तिनिलाई कोसेइ काइ तेती मन पर्दैनथ्यो र मलाई काम गर्ने ठाउँको बारेमा अनेक प्रश्नहरु गरे। कुनै पनि संस्थामा काम गर्दा अनेक कुरा हरु हुन्छन तर मैले कोसेइ काइमा काम गरेको त "कोसेइ काइ मन परेर, संघका साथिहरु प्रिय लागेर नै हो" भन्ने लाग्यो। बिदेशमा पढ्ने सपना पुरा भएन तैपनी कोसेइ काइलाई छोड्ने बिचार चाही कहिले पनि आएन। र एस्ता निरास भएको अनुभव पनि मेरो निम्ती धेरै महत्वपूर्ण हो र बुद्धको दृष्टिबाट हेर्दा जिवनको सबैभन्दा महत्वपुर्ण कुरा के हो भनेर बुझ्न जरुरी हुन्छ भन्ने कुरा थाहा पाए।

अन्तिमको भेट भनेको मेरो कामको अग्रज अनि मेरा बुवा जो यहाँका कर्मचारी थिए वहाँ सँगको भेट हो। सुरुमा पनि भनेको थिए कि मेरो बुवा कोसेइ काइको कर्मचारी हुन भनेर। बुवा अहिले रेबरेन्ड हुनुछ र वहाँले अन्तराष्ट्रय बिभागमा पनि काम गर्नु भएको छ। मभन्दा ठीक ३० बर्षअघी गकुरिन बिद्यालय पास गरेर २० बर्ष जती अन्तराष्ट्रय प्रचारको काम गर्नो थियो। म जर्मनमा जन्मेको हु र २ बर्ष देखी ६ बर्षसम्म बेलायतमा बसेको थिए। अहिले पनि बेलायत रिश्शो कोसेइ काइ (RKUK) को फिलिप्श योकोजी लगायत धेरैसँग कुराकानी हुने गर्दछ।

मलाई अन्तराष्ट्रय जगतमा काम गर्न मन लागेको पनि मेरो बुवाको

काम देखेँरै नै हो जस्तो लाग्छ । वहाँले अन्तराष्ट्रय प्रचार बिभागमा काम गरेर देशबिदेश गएको देख्दा मलाई ज्यादै राम्रो लाग्थ्यो र आदर गर्थे । र म पनि गाकुरिनमा पढेर बुवा जस्तै कोसेइ काइको कर्मचारी भए पछी तेस्तो महसुस झन भयो र बुवा कती उच्चस्तरको हुनुहुदो रहेछ भनेर अझ बुझ्न थाले । गाकुरिनमा हुँदा पनि "बुवाले भए यो बेलामा के सोच्नु हुन्थ्यो होला ?" भन्ने सोचाइ आउथ्यो बुवाको बारेमा धैरै सोच्न थालेको थिए । र साथै म पनि यहाँको कर्मचारी भएपछी आफु त बुवा जस्तो त हुनै सक्दिन होला भन्ने हिनाता बोध पनि हुन्थ्यो । र आफु बुवाभन्दा उत्तम हुनै सक्दिन भनेर सोच्ने गर्थे ।

गाकुरिनमा बिद्यालयमा पास भएर जानुअघी अध्यक्षको घर गएर रातृभोज खाने उत्तम चलन छ । म पनि पास भएपछी मेरा साथी र केहि कर्मचारीसँग अध्यक्षको घर गएको थिए । अध्यक्ष र वहाँको श्रीमतीले हाम्रोनिम्ती भनेर धैरै मिठोमिठो परिकार तयार गर्नु भएको थियो । मैले तेही बेलामा भित्ताम झुन्डाइएको संस्थापकको फोटो देखे । मलाई त्योबेलामा "अध्यक्षले आफ्ना बुवा जो संस्थापक हुनु हुन्छ वहाँको बारेमा कसरी सोच्नु हुन्छ होला ?" भन्ने सोच आयो ।

त्यो रमाइलो साँझको अन्त्यमा मलाई जसरि भए पनि अध्यक्षजिलाई प्रश्न गर्न मन लाग्यो र हात उठाए । "म आफ्नो बुवालाई धैरै आदर गर्छु तर मलाई आफुमाथि हिनता बोध पनि हुन्छ । तपाईंले आफ्ना बुवा जो संस्थापक हुनुहुन्थ्यो वहाँको बारेमा कसरी सोच्नु हुन्थ्यो ?" भनेर सोधे । वहाँले तुरुन्तै "बुवालाई जितेनौ भने तिमी अघी बढ्दैनौ" भनेर भन्नुभयो । र "०.१% मात्र जिते हुन्छ । आफ्नो काममा जित । जितेन भने मानवको बिकासकोनिम्ती काम लाग्ने मान्छे बन्न सकिन्न" भनेर पनि भन्नु भयो । म मेरा बुवालाई जित्न सक्दिन होला भनेर सोच्थे तर मैले अध्यक्षबाट भने नसोचेको जवाफ पाए ।

"जित्नु" भनेको के कुरा हो साचो भन्दा मैले राम्ररी बुझेको थिइन । तर त्यो रात्री भोजमा सामेल भएको मेरा गुरुले "अध्यक्षले आफ्ना बुवा संस्थापकलाई जित्नु भएको छ" भनेर भन्नुभयो ।

मैले त्यो बेलामा अध्यक्षले मेरो जिन्दगी भरिको लक्ष्य के हो भनेर दर्शाउनु भएको थियो जस्तो लाग्छ । अध्यक्ष जस्तै मेरो पनि आदर गर्ने बुवा हुनुहुन्छ मैले बुवालाई "जित्न" के गर्न पर्ने हो र तेसलाई मनन गरेर सिक्दै जानेछु । म यहाँ काम गर्नु अघी र पछी मैले आफ्ना बुवालाई हेर्ने दृष्टी फरक परेको छ तर मेर कामका अग्रज उनिसँगको भेटलाई उर्जा मानेर काम गर्दै जानेछु ।

यि नै हुन मेरा जिन्दगीका ३ महत्वपुर्ण भेटहरु । एसो हेर्दा नराम्रा भेटलाई पनि समेटेर मैले बुद्धबाट धैरै भेटहरु पाए । सद्धर्म पुण्डरिक सुत्रको अनन्त तथागत अध्यायमा तलका कुरा हरु भनिएका छन ।

"सर्बमानवहरु हो तथागत बुद्को उपदेश हुने सुत्रमा सर्ब प्राणिलाई बुद्ध बनाउने बाणिहरु छन । तेस्मा स्वयमलाई पनि उपदेश दिइएको छ र साथै तेसमा अरुलाई पनि उपदेश छ" ।

यहाँ "स्वयम" भनेको हामीलाई आफुलाई ठीक लाग्ने कुराहरु हुन र "अरु" भनेको आफुलाई ठीक नलाग्ने र अनुकुल नहुने कुराहरु हुन । बुद्धले हामीहरुलाई एस्तै अनेक भेट गराएर बुद्धत्व प्राप्त गराउछन भन्ने उपदेश हो यो । र मैले अगिन पनि भने जस्तै मालाई तीन बुद्धले भेटहरु गरएर मैले पनि बुद्धको दृस्ती अलिअली बुझे जस्तो लाग्छ । तर मलाई यसरी भेट गरएर बुद्धले सिकाउन खोजेको कुरा खासमा के हो भने मैले जिन्दगी भर प्रयास गरे पनि बुझ्ने सक्ने छैन होला ।

मैले भनेका अघिका तीन भेटहरुमा केहि समान कुरहरु छन । त्यो हो "मेर संघका साथिहरुले मलाई भेटको महत्वलाई बुझिदिनु भएको कुरा हो । यहाँ म अहिले यसरि आफ्ना कुराहरु गर्दा मेरो मनमा मलाई दुखबाट निकाल्न सहयोग गर्नु भएको मिजुमा सेन्टर प्रमुख, निवानो गाकुरिन प्रमुख, र आमबुवाको अनुहारहरु र अध्यक्ष र संस्थापकका उपदेशहरु आइरहेको छ । एस्ता भेटहरुले नै मैले भोगेका नराम्रा भेटहरु वास्तबमा मलाई चाहिने चिजहरु थिए भनेर मलाई सिकाएको थियो । संघरुले गर्दा नै मैले एस्ता कुराहरु बुझ्न सके र भेटलाई अझ महत्व दिन सकेको हु ।

नयाँ बर्ष सुरु भयो । अहिलेसम्म मलाई सहयोग गर्नु भएका मानिसप्रती आभारी हुन नबिर्सी अब पनि संघका मानिसहरुको सुझाबलाई लिएर भेटलाई महत्व दिदै आस्था मान्ने मानिस भएर धर्मको बाटोमा हिंड्ने छु । म पनि संघको अरु सदस्यकालागी एक असल भेट हुन सकु भनेर भक्ती गर्दै जाने छु ।

सुन्नु भएकोमा धन्यवाद ।
अनलाईन प्रवचन गर्दै हागिवाराजि
बुवासँग




परिवारसँग

# कमिकः रिश्शो कोसेइ काइको जानकारी

## संस्थापकको जिवनी र रिश्शो कोसेइ काइको इतिहास

### सदस्य बृद्धि

दोस्रो बिश्वयुद्धपछीको जापान धेरै गरीब भएको थियो र मानिसहरुको मनमा चोट अनि धेरै मान्छे बिरामी थिए ।संस्थापक र सदस्यहरुले "पुण्डरिक सुत्रमा बिश्वास गरेमा सुखी बनिन्छ" भन्ने उपदेश बाड्दै धेरैलाई मुक्ती दिलाएका थिए। शंका गर्ने मान्छे पनि उपदेशलाई अभ्यास गर्दैजादा आफ्नो मन र दृष्टी बदलिएपछी पुण्डरिक सुत्रमा आस्था राख्न थाले ।सुखी भएका सदस्यहरु खुशी र आभारी भएर यो उपदेश सुनाउदै गए अनि समुह ठुलो हुँदै गयो। यसरी रिश्शो कोसेइ काइको सदस्यहरु बृद्धी हुँदै गएको हो





**केही तथ्य**

दोस्रो बिश्वयुद्ध सकिएको १९४५मा १३०० घरमा सदस्यहरु थिए र एकबर्ष पछी १०,००० अनि तेस्को अर्को बर्ष १८,०००मा बृद्धी भयो।




※ *यो कमिक निजी प्रयोजन बाहेक बिना अनुमती प्रतिलिपी बनाउन र छाप्न निषेध गरिएको छ।*

# मुख्य मुर्ती घोषणा



दोस्रो विश्वयुद्ध सकिएको १९४५मा १३०० घरमा सदस्यहरु थिए र एकबर्ष पछी १०,००० अनि तेस्को अर्को बर्ष १८,०००मा बृद्धी भयो ।मुख्य मुर्ती घोषणासह-संस्थापक म्योकोजिको निधन भएको अर्को बर्ष संस्थापकले “अनन्त अभ्यास गुरु तथागत शाक्यमुनि” नै यहाँ पुज्ने मुख्य मुर्ती हो भनेर घोषणा गर्नु भयो एस्लाई “सत्य श्रुति” भनिन्छ ।यो बर्ष संस्थापक जापानको उत्तर होक्काइदो देखी दक्षिण क्युशु पुगी जापानको सबै भागमा धर्म प्रचारमा जानु भएको थियो। जापानको ४८वोटा मन्दिरमा गएर सदस्यहरुसँग संबाद गरी प्रतक्ष सद्धर्म पुण्डरिकको उपदेश दिनु भएको थियो।


यो बेलामा संस्थापकको प्रबृत्ती र वहाँको प्रववचनले प्रभाबित भएर धैरै मान्छे हेर्न आएका थिए।




### केही तथ्य

संस्थापनदेखी “सत्य श्रुति” सम्मको २० बर्षलाई “उपाय समय” भनिन्छ । झुठ पनि उपाय भन्ने उखान जस्तै बुद्ध धर्ममा मानिसलाई सही ठाउँमा लिएर आउन प्रयोग गरिने तरिका हो यो।





## Director's Column

# आफु र अरुले पुण्य पाउने दान

Rev. Keiichi Akagawa
Director, Rissho Kosei-kai International

यो महिना पनि ६ परिमिताको बारेमा प्रवचन सुन्न पाइयो । तेस्को अर्थ बुझ्दै पढै जादा दानको अर्थको बुझाइ गहिरो पार्ने राम्रो मौका भयो यो ।


दान गरेर दयाको गहिराइमा पुगेका शाक्यमुनिको धर्मप्रचार पथमा लागेका हामीले जिवन यापन गर्दा अभ्यास गर्न सकिने दानको बारेमा फेरी बुझ्न सके । धर्म, धन र तनको दान र अरु धन बाहेकका सात कुराहरुको मनन गरेमा जस्तो सुकै बेलामा पनि हामीले दान गर्न सक्ने हुन्छौ ।

प्रवचनमा “धन संचय”लाई सकारात्मक रुपमा प्रस्तुत गरेर “संचय गरेको धनले अरुको भलो गर्नकोनिम्ति” भन्ने हो भने “धन आर्जन गर्नु पर्छ” धनलाई सकारात्मकरुपमा प्रस्तुत गर्नुभयो ।

हाम्रो संस्थामा “एक छाक दान अभियान” छ र एसमा आएको पैसाले सामाजिक कार्यमा लगाएको कुरा दानको एक उत्तम उदाहरण हो भन्न सकिन्छ । यो संस्थाको मुल लक्ष्य “पहिला अरु” भन्ने कुरा पनि यो दानले पुष्टी गर्दछ । संसारभरी एस्तो “कोसेइ काइको मन” फैलियोस भनेर कामना गर्दछु ।



# Rissho Kosei-kai: A Global Buddhist Movement




**Rissho Kosei-kai Buddhist Church of Hawaii**
2280 Auhuhu Street, Pearl City, HI 96782, USA
TEL: 1-808-455-3212 FAX: 1-808-455-4633
Email: sangha@rkhawaii.org URL: http://www.rkhawaii.org

**Rissho Kosei-kai Maui Dharma Center**
1809 Nani Street, Wailuku, HI 96793, USA
TEL: 1-808-242-6175 FAX: 1-808-244-4625

**Rissho Kosei-kai Kona Dharma Center**
73-4592 Mamalahoa Highway, Kailua-Kona, HI 96740, USA
TEL: 1-808-325-0015 FAX: 1-808-333-5537

**Rissho Kosei-kai Buddhist Center of Los Angeles**
2707 East First Street, Los Angeles, CA 90033, USA
TEL: 1-323-269-4741 FAX: 1-323-269-4567
Email: rk-la@sbcglobal.net URL: http://www.rkina.org/losangeles.html

Please contact Rissho Kosei-kai Buddhist Center of Los Angeles
**Rissho Kosei-kai Buddhist Center of Arizona**
**Rissho Kosei-kai Buddhist Center of Colorado**
**Rissho Kosei-kai Buddhist Center of San Diego**
**Rissho Kosei-kai Buddhist Center of Las Vegas**
**Rissho Kosei-kai Buddhist Center of Dallas**

**Rissho Kosei-kai of San Francisco**
(Address) 1031 Valencia Way, Pacifica, CA 94044, USA
(Mail) POBox 778, Pacifica, CA 94044, USA
TEL: 1-650-359-6951 Email: lotusbuddhist@gmail.com
URL: https://sf-buddhism.org/

Please contact Rissho Kosei-kai of San Francisco
**Rissho Kosei-kai of Sacramento**
**Rissho Kosei-kai of San Jose**

**Rissho Kosei-kai of New York**
320 East 39th Street, New York, NY 10016, USA
TEL: 1-212-867-5677 Email: rkny39@gmail.com URL: http://rk-ny.org

**Rissho Kosei-kai of Chicago**
1 West Euclid Ave., Mt. Prospect, IL 60056, USA
TEL: 1-773-842-5654
Email: murakami4838@aol.com URL: http://rkchi.org

**Rissho Kosei-kai of Fort Myers**
URL: http://www.rkftmyersbuddhism.org

**Rissho Kosei-kai Dharma Center of Oklahoma**
(Address) 2745 N.W. 40th St., Oklahoma City, OK 73112, USA
(Mail) POBox 57138, Oklahoma City, OK 73157, USA
TEL: 1-405-943-5030 FAX: 1-405-943-5303
Email: rkokdc@gmail.com URL: http://www.rkok-dharmacenter.org

**Rissho Kosei-kai Dharma Center of Denver**
1255 Galapago St. #809, Denver, CO 80204, USA
TEL: 1-303-446-0792

**Rissho Kosei-kai Dharma Center of Dayton**
617 Kling Drive, Dayton, OH 45419, USA
URL: http://www.rkina-dayton.com

**The Buddhist Center Rissho Kosei-kai International of North America (RKINA)**
2707 East First St., Suite #1, Los Angeles, CA 90033, USA
TEL: 1-323-262-4430 FAX: 1-323-269-4567
Email: info@rkina.org
URL: https://www.buddhistcenter-rkina.org

**Rissho Kosei-kai Buddhist Center of San Antonio**
(Address) 6083 Babcock Road, San Antonio, TX 78240, USA
(Mail) POBox 692148, San Antonio, TX 78249, USA
TEL: 1-210-558-4430 FAX: 1-210-696-7745
Email: dharmasanantonio@gmail.com
URL: http://rksabuddhistcenter.org

**Rissho Kosei-kai of Seattle's Buddhist Learning Center**
28621 Pacific Highway South, Federal Way, WA 98003, USA
TEL: 1-253-945-0024 Email: rkseattlewashington@gmail.com
URL: http://buddhistlearningcenter.org

**Rissho Kosei-kai of Vancouver**
Please contact RKINA

**Risho Kossei-kai do Brasil**
Rua Dr. José Estefno 40, Vila Mariana, São Paulo-SP, CEP 04116-060, Brasil
TEL: 55-11-5549-4446, 55-11-5573-8377
Email: risho@rkk.org.br URL: http://www.rkk.org.br

**在家佛教韓国立正佼成会　Korean Rissho Kosei-kai**
〒 04420 大韓民国 SEOUL 特別市龍山區漢南大路 8 路 6-3
6-3, 8 gil Hannamdaero Yongsan gu, Seoul, 04420, Republic of Korea
TEL: 82-2-796-5571　FAX: 82-2-796-1696

**在家佛教韓国立正佼成会釜山支部**
**Korean Rissho Kosei-kai of Busan**
〒 48460 大韓民国釜山廣域市南區水營路 174, 3F
3F, 174 Suyoung ro, Nam gu, Busan, 48460, Republic of Korea
TEL: 82-51-643-5571　FAX: 82-51-643-5572

**社團法人在家佛教立正佼成會　Rissho Kosei-kai of Taipei**
台湾台北市中正區衡陽路 10 號富群資訊大厦 4 樓
4F, No. 10, Hengyang Road, Jhongjheng District, Taipei City 100, Taiwan
TEL: 886-2-2381-1632, 886-2-2381-1633　FAX: 886-2-2331-3433

**台南市在家佛教立正佼成會　Rissho Kosei-kai of Tainan**
台湾台南市東区崇明 23 街 45 號
No. 45, Chongming 23rd Street, East District, Tainan City 701, Taiwan
TEL: 886-6-289-1478　FAX: 886-6-289-1488
Email: koseikaitainan@gmail.com

**Rissho Kosei-kai South Asia Division**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8141　FAX: 66-2-716-8218

**Rissho Kosei-kai of Kathmandu**
Ward No. 3, Jhamsikhel, Sanepa-1, Lalitpur, Kathmandu, Nepal

**Rissho Kosei-kai Society of Kolkata**
89 Srirampur Road (VIP), Garia, Kolkata 700084, India

**Rissho Kosei-kai of Kolkata North**
AE/D/12 Arjunpur East, Teghoria, Kolkata 700059,
West Bengal, India

**Rissho Kosei-kai of Bodhgaya Dharma Center**
Ambedkar Nagar, West Police Line Road, Rampur, Gaya-823001,
Bihar, India

**Rissho Kosei-kai of Patna Dharma Center**
Please contact Rissho Kosei-kai Society of Kolkata

**Rissho Kosei-kai of Central Delhi**
77 Basement D.D.A. Site No. 1, New Rajinder Nagar,
New Delhi 110060, India

**Rissho Kosei-kai of Singapore**
Please contact Rissho Kosei-kai International

**Rissho Kosei-kai of Phnom Penh**
W.C. 73, Toul Sampaov Village, Sangkat Toul Sangke, Khan Reouseykeo,
Phnom Penh, Cambodia

**RKISA Rissho Kosei-kai International of South Asia**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8141　FAX: 66-2-716-8218

**Rissho Kosei-kai of Bangkok**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8216　FAX: 66-2-716-8218　Email: info.thairissho@gmail.com

**Rissho Kosei Dhamma Foundation**
No. 628-A, Station Road, Hunupitiya, Wattala, Sri Lanka
TEL: 94-11-2982406　FAX: 94-11-2982405

**Rissho Kosei-kai of Polonnaruwa**
Please contact Rissho Kosei Dhamma Foundation

**Rissho Kosei-kai Bangladesh**
85/A Chanmari Road, Lalkhan Bazar, Chittagong, Bangladesh
TEL: 880-2-41360470

**Rissho Kosei-kai Mayani**
Mayani Barua Para, Mirsarai, Chittagong, Bangladesh

**Rissho Kosei-kai Damdama**
Damdama Barua Para, Mirsarai, Chittagong, Bangladesh

**Rissho Kosei-kai Satbaria**
Village: Satbaria Bepari Para, Chandanaih, Chittagong, Bangladesh

**Rissho Kosei-kai Chendhirpuni**
Village: Chendhirpuni, P.O.: Adhunogar, P.S.: Lohagara, Chittagong,
Bangladesh

**Rissho Kosei-kai Raozan**
Dakkhin Para, Ramzan Ali Hat, Raozan, Chittagong, Bangladesh

**Rissho Kosei-kai Laksham**
Village: Dhupchor, Laksham, Comilla, Bangladesh

**Rissho Kosei-kai Dhaka North**
408/8 DOSH, Road No 7 (West), Baridhara, Dhaka, Bangladesh

**Rissho Kosei-kai Cox's Bazar**
Ume Burmize Market, Tekpara, Sadar, Cox's Bazar, Bangladesh

Please contact Rissho Kosei-kai Bangladesh
**Rissho Kosei-kai Patiya**
**Rissho Kosei-kai Ramu**
**Rissho Kosei-kai Aburkhil**

**Buddiyskiy khram "Lotos"**
4 Gruzinski Alley, Yuzhno-Sakhalinsk 693005, Russia
TEL: 7-4242-77-05-14

**Rissho Kosei-kai of Hong Kong**
Flat D, 5/F, Kiu Hing Mansion, 14 King's Road, North Point, Hong Kong, China

**Rissho Kosei-kai Friends in Shanghai**
Please contact Rissho Kosei-kai International

**Rissho Kosei-kai of Ulaanbaatar**
(Address) 15F Express Tower, Peace avenue, khoroo-1, Chingeltei district,
Ulaanbaatar 15160, Mongolia
(Mail) POBox 1364, Ulaanbaatar-15160, Mongolia
TEL: 976-70006960　Email: rkkmongolia@yahoo.co.jp

**Rissho Kosei-kai of Erdenet**
Please contact Rissho Kosei-kai International

**Rissho Kosei-kai di Roma**
Via Torino, 29, 00184 Roma, Italia
TEL/FAX: 39-06-48913949　Email: roma@rk-euro.org

Please contact Rissho Kosei-kai di Rome
**Rissho Kosei-kai of Paris**
**Rissho Kosei-kai of Venezia**

**Rissho Kosei-kai of the UK**
29 Ashbourne Road, London W5 3ED, UK
TEL: 44-20-8933-3247　Email: info@rkuk.org　URL: https://www.rkuk.org
Facebook: https://www.facebook.com/rkuk.official
Twitter: https://twitter.com/rkuk_official
Instagram: https://www.instagram.com/rkuk_official

**Rissho Kosei-kai International Buddhist Congregation (IBC )**
166-8537 東京都杉並区和田 2-7-1 普門メディアセンター 3F
Fumon Media Center 3F, 2-7-1 Wada, Suginami-ku, Tokyo 166-8537, Japan
TEL: 03-5341-1230　FAX: 03-5341-1224　URL: http://www.ibc-rk.org

**Published by Rissho Kosei-kai International**